# नेपालको प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ को पर्यवेक्षण




## प्रारम्भिक प्रतिवेदन

मंसिर १९, २०७९

DEMOCRACY
RESOURCE CENTER

नेपालको प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ को पर्यवेक्षण

प्रकाशन वर्ष २०७९ (सन् २०२२)

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
कुपण्डोल, ललितपुर
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

डीआरसीएन आवधिक प्रतिवेदन – १८

सर्वाधिकार © डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

यस पर्यवेक्षणका लागि द एसिया फाउन्डेशनले आर्थिक तथा प्राविधिक सहयोग गरेको हो । यस प्रतिवेदनका सबै निचोड र विश्लेषण डीआरसीएनको पर्यवेक्षणमा आधारित छन् र तिनमा सहयोगी संस्थाको धारणा प्रतिबिम्बित भएको छैन ।

## पृष्ठभूमि

मंसिर ४, २०७९ मा नेपालको प्रतिनिधि तथा प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न भयो । यस निर्वाचनमार्फत प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० गरी प्रतिनिधि सभाका २७५ जना सदस्य छानिंदै छन् । त्यस्तै सात ओटै प्रदेश सभाका प्रत्यक्षतर्फ ३३० र समानुपातिकतर्फ २२० सहित ५५० जना सदस्य निर्वाचित हुने क्रममा छन् ।

## पर्यवेक्षण विधि

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) का ११८ जना पर्यवेक्षकले निर्वाचनको पर्यवेक्षण गरेका थिए । तीमध्ये ६१ महिला, ५७ पुरूष र एक पारलिङ्गी पर्यवेक्षक थिए । सुदूरपश्चिम प्रदेशमा १४, कर्णालीमा ११, लुम्बिनीमा १५, गण्डकीमा १९, बागमतीमा ३४, मधेशमा १३ र प्रदेश १ मा १२ जना पर्यवेक्षक थिए । ती प्रदेशका ४६ जिल्लाका ८३ ओटा पालिकामा पर्यवेक्षक खटिएका थिए । पर्यवेक्षकलाई पर्यवेक्षणका विधि र प्रक्रियासम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको थियो ।

११० जना छोटो अविधका र आठ जना लामो अवधिका पर्यवेक्षक थिए । छोटो अवधिका पर्यवेक्षक कात्तिक २९ देखि मंसिर ९ गतेसम्म खटिएर निर्वाचन पूर्वको गतिविधि, मतदान प्रक्रिया र मतगणना कार्यको पर्यवेक्षण गरे । लामो अवधिका आठ पर्यवेक्षकले असोज महिनादेखि नै निर्वाचन पूर्वका राजनीतिक वातावरणको अध्ययन गरेका थिए । निर्वाचन पूर्वको क्रियाकलाप पर्यवेक्षण गर्न निर्वाचनको तयारी, उम्मेदवारको प्रचारप्रसार, मतदाता शिक्षा लगायतका विषयवस्तु समेटिएको प्रश्नावली तयार गरिएको थियो । मतदान प्रक्रिया पर्यवेक्षण प्रश्नावलीमा मतदानको शुरूआत, मतदान र मतदानको समापन प्रक्रियाका प्रश्न समेटिएको थियो । निर्वाचन पश्चातको गतिविधि पर्यवेक्षण प्रश्नावलीमा मतगणना कार्यको विषय समावेश गरिएको थियो । पर्यवेक्षकले निर्वाचन अधिकारी, प्रमुख जिल्ला अधिकारी, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, राजनीतिक दलका प्रतिनिधि, उम्मेदवार, मतदान अधिकृत, सुरक्षाकर्मीका साथै नागरिकसँग अन्तर्वार्ता गरेका थिए । यही पर्यवेक्षणबाट प्राप्त तथ्यको आधारमा यो प्रतिवेदन तयार गरिएको हो ।

## प्रचारप्रसार

निर्वाचन आयोग नेपालले कात्तिक १७ देखि मंसिर १, २०७९ सम्म मात्र प्रचारप्रसार गर्न पाउने व्यवस्था गरेको थियो । तर उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएको दिनदेखि नै अनौपचारिक रूपमा मतदाता भेटघाट, कार्यकर्ता प्रशिक्षण, भेला साथै सामाजिक सञ्जालबाट प्रचारप्रसार शुरू भएको थियो । चुनाव प्रचारप्रसारको लागि घरदैलो र कोणसभालाई राजनीतिक दल तथा उम्मेदवारले बढी प्राथमिकता दिएका थिए । घरदैलो गर्दा मतदातासँग प्रत्यक्ष भेटघाटसँगै उनीहरूको समस्या पनि सुन्न सकिने बताइयो । उम्मेदवारले उठाएको मुद्दा जनताको चाहनासँग मेल खाएको छ कि छैन भनेर जान्ने अवसर पनि मिल्ने भएकोले घरदैलो बढी प्रभावकारी भएको बताइयो । प्रचारप्रसारको लागि रेडियो, टेलिभिजन, यूट्यूब, अनलाईन तथा पत्रपत्रिकाको प्रयोग पनि प्रचुर मात्रामा भएको थियो । त्यस्तै उम्मेदवारले फेसबुक, टिक टक र ट्वीटरको पनि उपयोग गरे । घरदैलो गर्ने क्रममा उम्मेदवारले पर्चा तथा प्रतिबद्धता पत्र बाँड्ने गरेका थिए । निर्वाचन आचारसंहिता विपरीत सवारी साधनमा उम्मेदवारको ठूलो पोष्टर र दलका झण्डा या निर्वाचन चिह्न राखेर स्पीकरमा चर्को आवाजमा गीत संगीत घन्काउँदै पनि प्रचारप्रसार गरिएको थियो । उम्मेदवारको तर्फबाट फोन तथा एसएमएसमार्फत पनि मत मागिएको थियो ।

भौगोलिक रूपमा ठूलो साथै विकट निर्वाचन क्षेत्रका उम्मेदवारले चुनाव प्रचारप्रसारको लागि १५ दिनको समय अपर्याप्त भएको बताए। २०७४ सालको प्रतिनिधि र प्रदेश सभा निर्वाचन र स्थानीय तह निर्वाचन २०७९ सँग तुलना गर्दा यस पटक मोटरसाइकल ¥याली, उम्मेदवारले कार्यकर्ताको ठूलो भिड लिएर घरदैलो गर्ने, चुनाव चिह्न अंकित टी-शर्ट टोपी पहिरिँदै प्रसारप्रसारमा सहभागी हुने जस्ता काम नगण्य थिए।

## चुनावी मुद्दा

राजनीतिक दलले केन्द्रीय स्तरमा घोषणा वा प्रतिवद्धता पत्र सार्वजनिक गरेका थिए। तर अधिकांश उम्मेदवारले स्थानीय स्तरमा नै प्रतिवद्धता पत्र तयार गरेका थिए। दलका केन्द्रीय स्तरमा प्रकाशित घोषणापत्रले रैथाने मुद्दालाई सम्बोधन गर्न नसक्ने भएकोले स्थानीय स्तरमा नै प्रतिवद्धता पत्र तयार पारिएको दलका प्रतिनिधि तथा उम्मेदवारले बताए। नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चा र लोकतान्त्रिक समाजवादी पार्टीको पाँच दलीय गठबन्धनले भने केही निर्वाचन क्षेत्रमा संयुक्त घोषणापत्र नै बनाएका थिए। तिनले मुख्य रूपमा संविधानको रक्षा र स्थिरताको मुद्दालाई उठाएका थिए। अर्कोतर्फ, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेलिनवादी) ले 'समृद्ध नेपाल सुखी नेपाली'को मूल नाराका साथ सुशासन, विकास, समृद्धि र समानताका मुद्दा घोषणापत्रमा समावेश गरेको थियो। हरेक उम्मेदवारले विकास निर्माणका मुद्दालाई नै बढी प्राथमिकतामा राखेका थिए। भ्रष्टाचार र सुशासनको मुद्दा पनि चुनावमा उम्मेदवारको मुख्य एजेण्डा रह्यो। धेरैजसो दलले संघीयता, पहिचान, समावेशिता जस्ता विषयलाई मुख्य चुनावी एजेण्डा बनाएका थिए भने राप्रपा लगायतका केही दलले राजतन्त्र पुनर्स्थपना, संघीयता र धर्म निरपेक्षताको खारेजी तथा हिन्दु राज्यको पुनर्स्थापना जस्ता मुद्दा उठाएका थिए। कुनैकुनै दलले भने यी विषयमा आफ्नो कुनै अडान राखेका थिएनन्।

## आचारसंहिताको पालना

सबै निर्वाचन क्षेत्रमा समान रूपमा आचारसंहिता पालना भएको थिएन। धैरै निर्वाचन क्षेत्रमा आचारसंहिता विपरीतका निर्वाचन प्रचार सामग्री सुरक्षा निकायको सहयोगमा हटाइएको थियो। आचारसंहिता उल्लघंनसम्बन्धी धेरैजसो मौखिक उजुरी आएको थियो। लिखित उजुरी निकै कम परेका थिए। सोहीअनुसार आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारलाई फोनबाट वा भेटेर मौखिक रूपमा नै सचेत गराइएको आचारसंहिता अनुगमन समितिका पदाधिकारीहरूले बताए। केही ठाउँमा भने आचारसंहिता विपरीतका कार्य गर्ने उम्मेदवार तथा स्थानीय तहका जनप्रतिनिधिलाई  लिखित स्पष्टीकरण पनि सोधिएको थियो। धेरै निर्वाचन क्षेत्रमा 'साना दल' तथा स्वतन्त्र उम्मेदवारले 'ठूला दल' का उम्मेदवारले आचारसंहिता उल्लंघन गर्दा निर्वाचन आयोग मूकदर्शक भएर बसेको आरोप लगाए।

## मतदाता शिक्षा

निर्वाचन आयोग नेपालले मतदाता शिक्षाको लागि विभिन्न सञ्चार माध्यम, यूट्यूब, कल रिङ ब्याक टोनका साथै सामाजिक सञ्जालको पनि प्रयोग गरेको थियो। स्थानीय तहको सहयोग र समन्वयमा मतदाता शिक्षा कार्यक्रम लागू गरिएको थियो। स्थानीय तहका महिला स्वास्थ्य स्वयंसेवक तथा बाल विकास कक्षाका शिक्षकलाई मतदाता शिक्षा दिन परिचालन गरिएको थियो। अधिकांश स्थानीय तहमा एउटा वडामा एक जना स्वयंसेवक खटाइएको थियो। मतदाता शिक्षा दिनका लागि ब्रोसर, नमुना मतपत्र लगायतका सामग्री निर्वाचन

आयोगले प्रदान गरेको थियो । धेरै ठाउँमा एकाध घण्टाको सामान्य तालिम दिएर स्वयंसेवक खटाइएको थियो । ठूलो वडामा एक जना स्वयंसेवकमार्फत मतदाता शिक्षा दिने कार्यक्रम प्रभावकारी हुन नसकेको बताइयो । मतदाता शिक्षा स्वयंसेवकले घरदैलो गर्न नभ्याउने हुनाले चोक, चौतारामा भेला भएका, महिला समूह, क्लव सदस्य आदिलाई सिकाउने भनिए पनि यो उति प्रभावकारी नभएको पाइयो । मतदाता शिक्षा दिन खटिएका स्वयंसेवकहरूले छोटो समयमा एकजनाले एउटा वडामा मतदाता शिक्षा दिने काम चुनौतीपूर्ण र अपर्याप्त भएको गुनासो गरे । डीआरसीएनका पर्यवेक्षकले भेटेका अधिकांश नागरिकले मतदाता शिक्षाको लागि कोही पनि नआएको गुनासो गरेका थिए । ती नागरिकलाई यस निर्वाचनमा चार मतपत्र हुन्छन् भन्ने थाहा भएको पाइयो । तर कुन मतपत्रले प्रतिनिधि सभा वा प्रदेश सभाको प्रत्यक्ष वा समानुपातिक कुन उम्मेदवार निर्वाचित हुन्छन् भन्ने थाहा नभएको बताए ।

विभिन्न स्थानीय तहमा नमुना मतदान गरिएको थियो । निर्वाचन आयोगकै पहलमा केही स्थानीय तहमा सामुदायिक विद्यालयका विद्यार्थीलाई मतदानको बारेमा जानकारी गराइएको थियो । उनीहरूले स्कुलमा सिकेका कुरा आफ्ना अभिभावकलाई पनि जानकारी गराउन अनुरोध गरिएको थियो ।

**मतदान स्थलको तयारी**

मतदान स्थलको सम्पूर्ण तयारी मंसिर ३, २०७९ मा नै गरिएको थियो । साँघुरा मतदान स्थलका मतदान केन्द्रमा प्रतिनिधि सभा तथा प्रदेश सभाका प्रत्यक्ष र समानुपातिक गरी चार ओटा मतपेटिका निश्चित दुरीमा राख्न मुस्किल भएको पाइयो । त्यसैले केही मतदान केन्द्रमा मतदाताले झुक्किएर फरक मतपेटिकामा मतपत्र खसालेका थिए । तर पनि मतदाता नझुक्किऊन् भनेर सकेसम्म मतपेटिका फरक राख्न डोरीको बार लगाएर छुट्याइएको थियो । मतदानका लागि आवश्यक सबै सामग्री जस्तै मतपेटिका, मतपत्र, मतदाता नामावली, स्वस्तिक छाप मतदान केन्द्रमा उपलब्ध थिए । सर्वदलीय बैठक एक दिनअगाडि नै सम्पन्न गरिएको थियो ।

**मतदान**

डीआरसीएनका पर्यवेक्षकले ११७ मतदान केन्द्रमा मतदानको शुरूआत कार्य पर्यवेक्षण गरेका थिए । अपवादबाहेक सबैजसो मतदान केन्द्रमा पर्यवेक्षकलाई मतदानको शुरूआत, मतदान र मतदान समापन पर्यवेक्षण गर्न सहज पहुँच दिइएको थियो । तीमध्ये ५३ मतदान केन्द्रमा मात्र बिहान ७ बजे मतदान प्रक्रिया शुरू भएको थियो । अन्य ६४ मतदान केन्द्रमा भने १५ मिनेटदेखि १ घण्टापछि मात्र मतदान शुरू भयो । तीमध्ये अधिकांश मतदान केन्द्रमा राजनीतिक दल तथा उम्मेदवारका प्रतिनिधि समयमै उपस्थित नहुँदा मतदान शुरू गर्न ढिला भएको थियो । अन्य केहीमा मुचुल्का उठाउन ढिला भएकाले र केहीमा चार थरी मतपत्रमा मतदान अधिकृतले हस्ताक्षर गर्न समय लागेकाले मतदान बिहान ७ बजे शुरू हुन सकेन । त्यस्तै केही मतदान स्थलमा मतपेटीकामा प्लास्टिकको शिल लगाउँदा पटकपटक भाचिएकोले मतदान केही ढिला शुरू भएको थियो ।

मतदान अवधिभर ४२८ मतदान केन्द्रमा मतदान प्रक्रियाको पर्यवेक्षण गरिएको थियो । पर्यवेक्षकले एउटा मतदान केन्द्रमा घटीमा आधा घण्टा अवलोकन गरेका थिए । पर्यवेक्षण गरिएको मतदान केन्द्रमा सामान्य रूपमा मतदान कार्य अगाडि बढेको थियो । मतदान गर्न मतदाताको परिचय खुल्ने सरकारी कागजात जस्तै नागरिकता, पासपोर्ट, लालपुर्जा देखाएर मतदान गर्न दिइएको थियो । मतदानको दिन आवश्यक सबै कर्मचारी मतदान केन्द्रमा थिए । साँघुरा मतदान केन्द्रमा मतपेटीका नजिक नजिक भएकोले मतदाताले अन्य मतपेटिकामा

झुक्किएर मतपत्र नखसालून् भनेर मतपेटिका नजिकै कर्मचारी उभिएको देखिन्थ्यो। पर्यवेक्षण गरेका सबै मतदान केन्द्रमा तोकिएको समय ५ बजेपछि मतदातालाई प्रवेश गर्न रोकिएको थियो। ५ बजे मतदान केन्द्रमा प्रवेश गरेका सबै मतदाताले मतदान गर्न पाएका थिए।

**मतदाताको न्यून उपस्थिति**

विगतको निर्वाचनको तुलनामा यसपटक मतदातामा मतदान गर्न उत्साह र सक्रियता कम देखियो। मतदानको दिन भरि नै मतदान केन्द्रमा मतदाताको उपस्थिति निकै पातलो थियो। विगतको प्रत्येक आवधिक निर्वाचनमा र यो निर्वाचनमा पनि उही उम्मेदवारहरू प्रतिस्पर्धामा रहेको तर जितेर जाने उम्मेदवारले विगतमा गरेका वाचा पूरा नगरेकाले यसपालि मतदान गर्ने जाँगर नभएको धेरै मतदाताले बताएका थिए। उम्मेदवारको चुनाव प्रचारप्रसारको शैली साथै तिनले चुनावमा आम मानिसको दैनिकीलाई प्रभाव पार्ने मुद्दा नउठाएकोले मतदातालाई आकर्षित गर्न नसकेको बताए। चिसो मौसम र फसल भित्र्याउने समय भएकोले पनि मतदानका दिन मतदाताको उपस्थिति कम भएको थियो। अर्कातिर, दलहरूबीच गठबन्धन र तालमेल भएकाले आफ्नो दलका उम्मेदवार नभएको अवस्थामा पनि मतदाता उत्साही नभएको भेटियो।

**मतगणना**

अधिकांश निर्वाचन क्षेत्रमा मतगणना मंसिर ५,२०७९ मा शुरू गरिएको थियो। विगतमा जिल्लाको सबै मतपेटिका एक ठाउँमा जम्मा गरेर मतगणना गर्ने परम्परा थियो। यसपालि सम्बन्धित प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा मतगणना गरिएको थियो। मतगणना शुरू गर्नु पहिले सर्वदलीय बैठक बसेर के-कस्ता मत संकेतलाई सदर वा बदर मान्ने, गणना स्थलमा उम्मेदवारको प्रतिनिधिको संख्या, प्रतिनिधि सभा, प्रदेश सभा र समानुपातिकको मत कहिले गन्ने आदि विषयमा निर्णय गरिएको थियो। मतपत्रमा मतदान अधिकृतले सही नगरेकाले, धेरै चिह्नमा मत संकेत हुनाले या मतपत्रको घेराबाहिर स्वस्तिक छाप लगाउनाले धेरै मत बदर भएका थिए।